

# अध्याय -४

## सत्यमा साहसी भएर विरतापूर्वक उभिनु

<u>यस अध्यायका मूल पदहरू:</u> दानिएल ७:२३-२५; प्रकाश १२:६,१४; यहूदा ३,४; प्रकाश २:१०; प्रेरित ५:२८-३२; भजन १९:७-११ र १ यूहन्ना ५:११-१३।

***<u>यस अध्यायको मुल सार पद:</u>*** **"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" यूहन्ना ३:१४-१५।**

आधुनिक टर्कीको समुद्रको किनारामा रहेको इजमिर सहर एक समय स्मिर्ना नाउँ गरेको बाइबलीय सहर थियो। प्रकाशको पुस्तकमा यो सहरको नाउँ उल्लेख गरिएको छ। पहिलो र दोस्रो शताब्दीतिर करिब एक लाख जनसंख्या भएको यो पौराणिक सहर सम्पन्न थियो। यो सहर रोमप्रति धेरै बफादार थियो।

वर्षको एक दिन स्मिर्ना सहरका सबै बासिन्दाहरूलाई रोमका देवीदेवताहरूका अगाडि धुप बाल्न आदेश दिइएको थियो। दोस्रो शताब्दीतिर स्मिर्ना सहरमा इसाई समुदाय पनि बढी रहेको थियो। धेरै इसाईहरूले रोमको आदेश पालन गरेका थिएनन्। त्यसबेलाको इसाई अगुवा बिशप पोलिकार्पलाई स्मिर्नाको सार्वजनिक स्थलमा हत्या गरिएको थियो। रोमी देवीदेवताहरूलाई धुप चढाएर आफ्नो प्रभुलाई उनले धोका दिन चाहेका थिएनन्। येशूलाई विश्वास गर्न छोड भनेर उनलाई कर लगाएको बेलामा उनले यो जवाफ दिए,

"अस्सी र छ वर्ष मैले उहाँको सेवा गरे। उहाँले मलाई केही बिगार्नुभएको थिएन। जसले मलाई मुक्ति दिनुभयो मेरो राजको बारेमा नराम्रो कुरा म कसरी गर्ने?"

शताब्दीयौंदेखि ख्रीष्टमाथि आफ्नो विश्वास त्याग्नुभन्दा मृत्युको मुखमा पर्न येशूभक्त पुरुष र महिलाहरू तयार भएका थिए। तिनीहरूको त्याग र बलिले येशुभक्तहरूको बिचमा झन साहसको ज्वाला दनदन बलेको थियो। येशूप्रति तिनीहरूको समर्पणताले हाम्रै समर्पण पनि नविकरण हुन्छ। एघारौं शताब्दी र पछिको युरोपमा लाखौं येशूभक्तहरूलाई कठित इसाई रोमन क्याथोलिक चर्चले क्रुर यातना दिएर हत्या गरेका थिए। यस अध्यायमा वाल्दन्सी र हस र जेरोम जस्ता सुधारवादी वा पोपलाई होइन बाइबललाई मात्र मान्ने येशूभक्तहरूमा बाइबलका के नीतिहरूले परिचालित भएको थिए जसले आफ्नो आस्थाको निम्ति ज्यान फालेका थिए। बयो बृद्ध पोलिकार्प जस्ता येशूभक्तहरू प्रभुप्रति बफादार भएर मर्न कसरी तयार भए? मूर्तिपूजक रोमका बादशाहहरू र कठित इसाई पोपहरूले तिनीहरूलाई आफ्नो शक्ति र अधिकार दुरुपयोग गरेर निरपराध येशूभक्तहरूलाई सखाप पार्न खोजेको थियो। त्यसको बारेमा यस अध्यायमा हामी केही छलफल गर्नेछौं।

*यो अध्याय द ग्रेट कन्त्रोभर्सी अध्याय ४-६मा आधारित छ।*

## १. सताइएको तैपनि विजयी

**येशूभक्तहरूलाई सताइने युग दानिएल र प्रकाशको पुस्तकले भविष्यवाणी गरेका छन्। त्यो समयको अवधि कतिको थियो? हेर्नहोस्, "२३ "तिनले मलाई यसरी बताए: 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सीङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।" दानिएल ७:२३-२५ र "६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।... तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए।**

**त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो।" प्रकाश १२:६,१४।**

जब परमेश्वरका जनहरू उहाँप्रति बफादार रहन्छ तब सैतान रिसले चुर हुन्छ। त्यसको फलस्वरूप भयानक सतावट हुन्छ। अगमवक्ता दानिएलले समयको बारेमा बताउँछन् जुन उनको निम्ति भविष्यको कुरो थियो। उनले मध्यकालिन युगको चर्चको बारेमा चर्चा गरेका थिए। त्यस युगकै रोमी चर्चले र परमेश्वरका जनहरूको विरुद्धमा युद्ध छेडेका थिए र तिनीहरूलाई क्रुर यातना दिएको थियो (दानिएल ७:२१,२५)। अगमवक्ता यूहन्नाले त्यही समयअवधीको बारेमा उल्लेख गरेका थिए। त्यस समय परमेश्वरको चर्च जङ्गलमा भागेर भूमिगत हुन बाध्य भएको थियो। त्यसबेला चर्च, "समय, समयहरू र आधा समय सम्म परमेश्वरको संरक्षणमा थियो" (प्रकाश १२:१४)। प्रकाश १२:६मा यो थप्छ, "त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।" जङ्गलमा परमेश्वरका जनहरूको पालनपोषण गरिएको थियो। पोपको दमनमा इसाईहरू अन्धकार युगमा पस्रिएका थिए। त्यस युगमा येशू र सैतानको बिचको भिषण द्वन्द्व चर्किएको थियो। बफादार येशूभक्तहरूलाई परमेश्वरको वचनले बल दिएर थामी राखेको थियो।

परमेश्वरले तयार पारिराख्नुभएको ठाउँ परमेश्वरका जनहरूले संरक्षण माएका थिए। जीवनको कठोर समयमा परमेश्वरले आफ्ना बफादारी जनहरूलाई जहिले पनि  ठाउँ तयार पार्नुहुन्छ। तिनीहरूको महान् सङ्कष्टको समयमा परमेश्वरको प्यार र स्याहारको संरक्षण तिनीहरूले पाएका थिए (हेर्नुहोस् भजन ४६)।

१,२६० वर्ष र समय, समयहरू र आधा समय प्रकाश १२:६मा उल्लेख गरिएको छ। ती दुई त्यही समयावधीको बारेमा चर्चा गरिएकोहो। (समय, समय र आधा समय भन्दा वर्ष, वर्षहरू र आधा वर्ष भन्ने जनाउँछ। समयको अर्थ वर्ष वा ३६० दिन हो। तिनीहरूलाई जोड्दा १२६० दिन वा वर्षहरू हुन्छ)। दानिएल र प्रकाशमा उल्लेख गरिएको भविष्यवाणीमा एक दिनको अर्थ एक अक्षरस वर्ष हुन्छ। यो नीति गन्ती १४:३४ र इजकिएल ४:६मा पाइन्छ।

एकदिनको अर्थ एक वर्ष भन्ने अर्थ केवल ती पदहरूमा मात्रै सिमित छैन। यो नीति बाइबलको फराकिलो जगमा बसालिएको छ। बाइबलको विद्वान विलियम शियले यो नीति वा अर्थ पुरानो करारमा २३ पल्ट उल्लेख गरिएको छ भनेर प्रमाणित गर्दछ। बाइबलका व्याख्याकारहरूले यो नीतिलाई शताब्दीयौँदेखि प्रयोग छन्।

युरोपका भिसिगोथ, भान्डाल र अस्त्रोगोथ जातिहरूले रोमन क्याथोलिक चर्चको आधिकारिक शिद्धान्त वा शिक्षाभन्दा फरक विश्वास गरेका थिए। तिनीहरू रोममा फैलिएका थिए र तिनीहरूको प्रभाव ठुलो थियो। १२६० वर्ष त्यसबेलादेखि सुरुभयो जब अन्तिम जाति ओस्ट्रोगोथहरूलाई सन ५३८मा रोमबाट धपाइएको थियो। त्यसबेलादेखि रोमन क्याथोलिक चर्चको मात्रै बाहुल्यता भयो। यो मितिदेखि नै इसाई जगतमा अन्धकारको युगको सुरु भएको थियो। यो बाहुल्यता सन १७९८ सम्म रह्यो। जब फ्रान्सका शासक नेपोलियनका सेनापति बर्थियरले रोमलाई कब्जा गरेर पोपलाई बन्धक बनाएका थिए तब अन्धकार युगको समाप्त भएको थियो। त्यस अन्धकार युगमा कठित इसाई रोमन क्याथोलिक चर्चले अनगिन्तियौं येशूभक्तहरूलाई अनेकौं यातना दिएर हत्या गरेका थिए। तिनीहरूले बाइबल र बाइबललाई मात्र विश्वास गर्ने भएकोले क्याथोलिक चर्चको अगुवा पोपलाई असह्य भएको थियो। ती भक्तहरू मरेर पनि जितेका थिए। येशू ख्रीष्टमा तिनीहरू पापको श्राप र दमनबाट स्वतन्त्र भएका थिए। तिनीहरूको विवेक सफा थियो। तिनीहरूले थुमाको रगतको शक्तिले मृत्युको सामना गरि क्याथोलिक चर्चको सतावटलाई जित्न सफल भएका थिए। क्रूसमा ख्रीष्टले सैतानमाथि गर्नुभएको विजय नै तिनीहरूको निम्ति विजय थियो। तिनीहरू मरेतापनि मृत्यु केवल ख्रीष्ट नआउञ्जेल तिनीहरूको निम्ति विश्राम थियो (वा लोडशेडिङ्ग)।

***तपाईंको आस्थालाई बलियो पारिराख्न बाइबलका कुन भविष्यवाणी तपाईंको जीवनमा पूरा भएको छ?***

## २. ज्योतिले अन्धकारलाई बिलाइ दिन्छ

**यहूदा ३,४ मा येशूभक्तहरूको निम्ति चेतावनी दिइएको छ। मध्यकालिन युगका पछिको चर्चले त्यस चेतावनीलाई कसरी बेवास्ता गरे र गरिरहेकाछन्? हेर्नुहोस्, "३ प्रिय हो, हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक भएको छु, त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर**

**भन्ने निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने। ४ किनकि धेरै अघिदेखि नै दण्डका भागीदार ठहरिएका कोही-कोही मानिसहरू गुप्त रूपले तिमीहरूका माझमा पसिसकेका छन्। यिनीहरू ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्, र हाम्रा एकमात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई इन्कार गर्छन्।"**

बफादारी येशूभक्तहरूको निम्ति यहूदाको पत्र लेखिएको थियो। त्यो पत्र सन ६५को केही समय अघि लेखिएको थियो। "येशू ख्रीष्टको दास, याकूबको भाइ यहूदाबाट– बोलाइएकाहरू, अर्थात् परमेश्वर पितामा प्रियहरू र येशूको निम्ति ख्रीष्टमा सुरक्षित राखिएकाहरूलाई" यहूदा १ त्यो पत्र लेखिएको थियो। "प्रिय हो, हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक भएको छु, त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर भन्ने निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने। किनकि धेरै अघिदेखि नै दण्डका भागीदार ठहरिएका कोही-कोही मानिसहरू गुप्त रूपले तिमीहरूका माझमा पसिसकेका छन्। यिनीहरू ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्, र हाम्रा एकमात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई इन्कार गर्छन्" (यहूदा ३-४) भनेर लेख्दा ती बफादार येशूभक्तहरूलाई सजग गराइएको थियो। मध्यकालिन चर्चका शिक्षादीक्षामा मूर्तिपूजाका चालचलन वा संस्कार र मानवीय परम्पराहरूलाई बाढी जस्तै ओइरहेको थियो। परमेश्वरको वचनसँग बाह्य धर्म र संस्कारलाई समायोजन गरेका थिए। बाइबलका सत्यहरूको निम्ति धेरै शताब्दीसम्म वाल्डनसिस बिरहरूले सामना गरेर बाइबलप्रतिको आस्थामा अडान लिएका थिए। पोप र फादरहरूको मध्यस्थता आवश्यक छ भनेर रोमन क्याथोलिक चर्चले इसाईहरूको बिचमा भ्रम फैलाएका थिए र त्यही शिक्षामा अनगिन्तियौ इसाईहरू फसेका थिए र फसिरहेकाछन्। तर कतिपयले ख्रीष्ट मात्र मध्यस्थकर्ता हुनुहुन्छ र रोमनक्याथोलिक चर्च वा पोप होइन बाइबल मात्र तिनीहरूको आधिकारक स्रोत हो भन्ने अडान लिएका थिए र लिइ नै रहेकाछन्। यस मामिलामा एलेन जी. ह्वाइट आफ्नो भनाइ राख्दछन्, "प्रत्येक युगमा परमेश्वरको गवाही दिने समुहहरू हुन्छन्। येशू मात्र परमेश्वर र मानिसको बिचमा पहल गर्ने हुनुहुन्छ, बाइबल मात्रै जीवनको निम्ति नीति हो र सत्य साबथलाई विश्वास गर्नुपर्छ भनेर हृदयमा सजाइ राख्ने येशूभक्तहरू खडा हुन्छन्।"–*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६१।

**मृत्युकै सामना गर्नु परेतापनि परमेश्वरमा बफादार हुनेहरूलाई दिइएको प्रतिज्ञा प्रकाश २:१० मा पढ्नुहोस्, "तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु।"**

ती वचनहरू स्मिरिनाको चर्चलाई लेखेका थिए। त्यो सहरको संरक्षक देवताहरूमा डिओनसिस पनि थियो। यो देवता पर्व र सन्तानेश्वर थियो। जब यस देवताका पुजारीहरू मर्थे तब तिनीहरूको मलामीमा तिनीहरूका शिरमा मुकट लगाइ दिन्थ्यो। ती मुर्दाहरको शिरमा राखिने नाशवान मुकुटको बिपरित दुष्टहरूको शक्तिहरूसँग सामना गरेर मरेर विजयी हुने येशूभक्तहरूका शिरहरूमा राखिदिने जीवनको मुकुटको बारेमा यूहन्नाले उल्लेख गरेका थिए। ख्रीष्टको निम्ति अनेकौं दुःख, यातना, बेदना, पीडा, कष्ट, कठिन सहने, र मृत्युको सामना गर्ने येशूभक्तहरूलाई जीवनको मुकुट लगाइ दिने वाचा दिएको छ।

अनन्त जीवनको मुकुट पाउने आशाले बफादार येशूभक्तहरूले प्रेरणा पाएको थियो, त्यसको फलस्वरूप ख्रीष्टको निम्ति मृत्युको सामना गर्न तिनीहरू तयार थिए। कुनै पनि असहज वा चुनौतिपूर्ण परिस्थितिमा जीवनको मुकुटले विश्वासीहरूलाई हरदम प्रेरणा दिएको हुन्छ। वाल्डदनसिस र करोडौं येशूभक्तहरू दुःखकष्ट र यातना सहन जीवनको मुकुटको आशाले प्रेरणा दिएको थियो र दिइरहेको छ। एक दिन तिनीहरूले येशूलाई भेट्नेछन् भनेर तिनीहरूलाई थाहा थियो। यो जीवनको मुकुट हाम्रो निम्ति पनि हो। अहिले हामी पनि कठिन परिस्थितिमा गुज्रिरहेका होलान् तर यदि हाम्रो नजर येशूमै राखिराख्न सक्यौं भने हाम्रो निम्ति पनि जीवनको मुकुट पर्खिरहेको छ।

***असहज र चुनौतिपूर्ण समयमा तपाईंलाई थामि राख्न केले प्रेरणा दिन्छ? केले तपाईंलाई त्राही त्राही बनाउँछ? त्यस समयमा तपाईंले पनि के प्रतिज्ञाहरू आफ्नै लागि हो भनेर दावी गर्न सक्नुहुन्छ?***

## ३. येशूप्रतिको विश्वासमा अडान लिएर उभिन साहस

**देहायका पदहरूमा के समान आधारभूत मौलिक नीति छ? हेर्नुहोस्, "२७ उनीहरूले तिनीहरूलाई ल्याएर महासभाको अगाडि खड़ा गराए, र प्रधान पूजाहारीले तिनीहरूलाई सोधे, २८ "हामीले तिमीहरूलाई यस नाउँमा केही शिक्षा नदिने कड़ा आज्ञा दिएका थियौं, तर तिमीहरूले आफ्ना शिक्षाले सारा यरूशलेम**

भरिसक्यौ, र त्यस मानिसका रक्तपातको दोष हामीमाथि ल्याउन चाहन्छौ।" २९ तर पत्रुस र प्रेरितहरूले भने, "हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ। ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। ३१ परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।" प्रेरित ५:२७-, "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ।" एफिसी ६:१०-१३ र "१० तिमीले धैर्यको मेरो वचन पालन गरेका हुनाले, तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु, जो पृथ्वीमा वास गर्ने मानिसहरूलाई जाँच गर्न सारा संसारमा आउनेवाला छ। ११ म चाँड़ै आइरहेछु। तिमीसँग जे छ त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन। १२ जसले जित्छ, त्यसलाई म मेरा परमेश्वरका मन्दिरको एउटा स्तम्भ बनाउनेछु, र ऊ त्यहाँबाट कहिल्यै बाहिर निस्कनेछैन। म त्यसमा मेरा परमेश्वरको नाउँ लेख्नेछु, र मेरा परमेश्वरका सहरको नाउँ, अर्थात् यरूशलेम लेख्नेछु, जो मेरा परमेश्वरबाट स्वर्गदेखि तल आउँदछ। आफ्नै नयाँ नाउँ पनि म त्यसमा लेख्नेछु।" प्रकाश ३:१०-१२।

वाल्डेनसी र येशूभक्त सुधारवादीहरूमा केही उल्लेखनीय विशेषताहरू थिए। तिनीहरूले परमेश्वरमाथि पूरै निष्ठा र भक्ति थिए, तिनीहरूले बाइबलको आधिकारितालाई विश्वास गरेकोले त्यसैकै शिक्षालाई तिनीहरूले पालन गर्थे र येशू ख्रीष्टको सर्वोच्चतामाथि तिनीहरूको पूर्ण समर्पण थियो। त्यस युगमा रोमन क्याथोलिक चर्चले ती धारणाहरूलाई लत्याएर केवल पोपप्रति मात्र निष्ठावान हुन जबरजस्ती गरेको थियो। तिनीहरूको दिमाग नयाँ करारका विश्वास र साहसका कथाहरूले पूरै भरिएको थियो।

पत्रुस र प्रेरितहरूसँग एकमत भएर तिनीहरूले यो भन्न सकेका थिए, "हामीले मानिसलाईभन्दा परमेश्वरको कुरा मान्छौं" (प्रेरित ५:२९)। पावलको अर्तिलाई तिनीहरूले पक्रि राखेका थिए, "परमेश्वरका बलियो होउ र उहाँको शक्तिले सशक्त होउ" (एफिसी ६:१०)। येशूको सल्लाहलाई तिनीहरूले गम्भीरतापूर्वक लिएका थिए, "तिमीसँग जे छ त्यसलाई बलियोसँग पक्रि राख ताकि कसैले तिम्रो मुकुट नखोसून्" (प्रकाश ३:११)। रोमन क्याथोलिक चर्चको परम्परामा समर्पित हुनुभन्दा ती येशूभक्त बीर पुरुष र स्त्रीहरू परमेश्वरको वचनका सत्यहरूमा अडिग हुन साहस गरेका थिए।

मध्यकालिन युगको युरोपमा आफ्नै भाषामा बाइबल भएका इसाई समुहहरूमा वाल्डनिसिस पनि पहिलो थियो। वाल्डेनसिसहरूले बाइबल हातले सारेको कथा जिन लेजरले बढो मार्मिक तरिकाले प्रस्तुत गरेका छन्। बाइबललाई बुझाउन वाल्डनसिसले बाइबल सार्दा चित्रहरू पनि कोरेका थिए। उत्तर इटाली र दक्षिण फ्रान्समा भूमिगत भएर बसिरहेका वाल्डनसिस समुदायले बढो मेहनतसाथ बाइबल सारेका थिए। सानैदेखि युवायुवतीहरूलाई तिनीहरूका बाबुआमाहरूले बाइबलका धेरै भागहरू कण्ठ गर्न लगाउँथे। बाइबल सार्ने समुहले एकदम परिश्रम गरेर काम गर्दथे। धेरै जसो वाल्डेनसी युवाहरू युरोपमा व्यापारी भएर जान्थे र चुपचाप बाइबलको सत्यलाई बाँड्दथे। कतिपय युवाहरू विश्वविद्यालयहरूमा अध्ययन गर्दथे र आफ्ना साथी विद्यार्थीहरूलाई बाइबलका भागहरू बाँड्दथे। तिनीहरूलाई पवित्र आत्माको अगुवाइ थियो र सत्यलाई इमान्दारपूर्वक खोज्नेहरूलाई बाइबलका बहुमूल्य भागहरू बाँड्दथे। तिनीहरूमा परमेश्वरप्रति बफादार भएकोले कतिपयले ज्यान गुमाएका थिए। वाल्डनसिसहरूले बाइबलको बारेमा सबै ज्ञान स्पष्ट नबुझेतापनि तिनीहरूले बाइबललाई सुरक्षित राखेका थिए र शताब्दीयौंसम्म बाइबल अरूहरूलाई बाँड्न सक्ने भएको थियो।

"धर्मीको चाल प्रभातको प्रथम चमकजस्तै हो, त्यो मध्यदिन नहोउञ्जेल झन्-झन् चहकिलो हुँदैजान्छ।" हितोपदेश ४:१८। राजा सोलोमनले परमेश्वरका सन्तानलाई सूर्यसँग तुलना गरेको छ। जसरी सूर्य विहान उदयभएपछि त्यसको किरण फैलिन्छ त्यस्तै परमेश्वरका जनहरूको यश पनि फैलिन्छ। यदि परमेश्वरले सूर्यलाई अचानक चम्काइ दिनुभयो भने त्यसको चमकले हाम्रो आँखा अन्धा हुन्थ्यो। जब अन्धकारले संसारलाई छोप्यो तब परमेश्वरले पुरुष र स्त्रीहरूलाई उठाउनुभयो र उहाँको वचन तिनीहरूलाई

दिनुभयो। सत्यलाई खोज्नेहरूलाई निरन्तर रूपमा सत्यलाई उपलब्ध गराइरहेको छ।

*हाम्रो समाजमा ख्रीष्टको ज्योतिलाई कसरी चम्काउने? के हामी चम्काइरहेकाछौं त?*

## ४. इसाई सुधारवादको बिहानीको तारा

परमेश्वरको वचनप्रति दाउद र यर्मियाको धारणा जे थियो त्यही नै मध्यकालिन सुधारवादी युगमा सुधारवादी इसाईहरूको आधारशिला थियो। त्यो के हो? हेर्नुहोस्, "७ परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्‍वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। ८ परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने। परमप्रभुका आज्ञाहरू उज्ज्वल छन्, आँखालाई प्रकाश दिने। ९ परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने। परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्। १० सुनभन्दा पनि ती बढ़ी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढ़ी, चाकाबाट टप्कने महभन्दा बढ़ी गुलिया। ११ तीबाटै तपाईंको दासले चेताउनी पाउँदछ, ती पालन गर्दा ठूलो इनाम मिल्नेछ।" भजन १९:७-११, "१३७ हे परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, र तपाईंका नियमहरू सत्य छन्। १३८ तपाईंले राखिदिनुभएका कानूनहरू धार्मिक छन्, तिनीहरू पूर्ण रूपले भरपर्दा छन्। १३९ मेरो जोशले मलाई खाइसकेको छ, किनभने मेरा शत्रुहरूले तपाईंका वचनहरूको बेवास्ता गर्छन्। १४० तपाईंका प्रतिज्ञाहरू पूर्ण रूपले जाँचिएका छन्, र तपाईंको दासले तिनलाई प्रेम गर्छ। १४१ म क्षुद्र र तुच्छ छु, तापनि म तपाईंका आदेशहरू बिर्सन्नँ। १४२ तपाईंको धार्मिकता चिरस्थायी छ, अनि तपाईंको व्यवस्था सत्य छ। १४३ दुःख र सङ्कष्टमा ममाथि परिआएको छ, तर तपाईंका आज्ञाहरू मेरो निम्ति हर्षका कुरा छन्। १४४ तपाईंका कानूनहरू सदाकालको निम्ति सत्य छन्, मलाई समझशक्ति दिनुहोस्, र म जीवित रहन सकूँ।" भजन ११९:१३७-१४४, "१५९ हेर्नुहोस्, म कसरी तपाईंका आदेशहरूलाई प्रेम गर्दछु, हे परमप्रभु, तपाईंको करुणाअनुसार मेरो प्राणलाई सुरक्षित राख्नुहोस्। १६० तपाईंका सम्पूर्ण वचनहरू सत्य छन्, र तपाईंका सबै धार्मिक नियमहरू अनन्तका छन्। १६१ शासकहरूले अकारण मलाई सताउँछन्, तर मेरो हृदयले तपाईंका वचनको भय मान्दछ। १६२ जसरी लूटको ठूलो धन पाउने व्यक्ति रमाउँछ, म तपाईंको प्रतिज्ञामा हर्षित हुन्छु।

**१६३ झूटलाई म घृणा गर्छु, र तुच्छ ठान्छु, तर तपाईंको व्यवस्था म प्रेम गर्दछु। १६४ तपाईंका धार्मिक नियमहरूका निम्ति दिनमा सात चोटि म तपाईंको प्रशंसा गर्दछु। १६५ तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन।" भजन ११९:१५९-१६५ र "जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर।" यर्मिया १५:१६।**

सुधारवादी युगका प्रत्येक सुधारवादी येशूभक्त परमेश्वरको वचनमा आनन्दित भएका थिए। परमेश्वरको इच्छा पालन गर्न तिनीहरू प्रशन्न हुन्थे। उहाँका दश आज्ञाहरूलाई तिनीहरूले अति प्यार गर्थे। सत्यहरूको जग तिनीहरूमा भएकोमा बाइबल अध्ययन गर्दा आउने आनन्द र खुशीयाली पनि एक उल्लेखनीय थियो। बाइबल अध्ययन गर्नुभन्नुको अर्थ तिनीहरूको निम्ति करको विषय थिएन। त्यो कुनै धर्मको नाउँमा औपचारिक क्रिया वा विधिवत थिएन। तर बाइबल अध्ययन गर्दा तिनीहरूमा वढो आनन्द आउँथ्यो।

जब तिनीहरूले बाइबल अध्ययन गरे तब पवित्र आत्माको शक्तिले तिनीहरू परिवर्तन भएका थिए। "पवित्र बाइबलको परिवर्तन गर्ने शक्तिको ज्वलन्त उदाहरण जोन बाइक्लिफको चरिच थियो। मानिसलाई परिपक्व बनाउने शिक्षा बाइबल थियो। वाइक्लिफ जे भएका थिए त्यो बाइबलले गर्दा नै भएका थिए। बाइबलमा प्रकट गरिएका महान् सत्यहरू थाहा पाउन धुरन्धर प्रयास गर्दा त्यसबाट मानिसलाई ताजा र फुर्तिलो बनाउँछ। उसका चरित्र, स्वभाव र जीवनशैलीका सम्पूर्ण आयामहरूलाई बल पर्‍याउँछ। मानिसको दिमागलाई फराकिलो पार्दछ, उसका धारणा वा दृष्टिकोणहरू तिखो पार्दछ र उसको न्याय वा निर्णय गर्ने बुद्धि पल्हाउँछ। मानिसको कुनै पनि दर्शन र विद्याभन्दा बाइबल अध्ययनले उसका प्रत्येक सोच, भावना र आकाङ्क्षालाई उचाल्दछ। यसले जीवनको यथार्थलाई स्थायीत्व दिन्छ। यसले साहस, धैर्यता, आत्मबल वा मनोबल प्रदान गर्दछ। उसको चरित्रलाई परिष्कृत वा सफा बनाउँछ र आत्मालाई पवित्र बनाउँछ। इमान्दारसाथ लगनशील भएर श्रद्धापूर्वक बाइबल अध्ययन गर्ने विद्यार्थीको दिमाग अनित्य दिमागसँग सम्पर्क राख्दछ। यसले संसारलाई बलियो, चरित्रवान, नैतिकवान र अत्यन्तै सक्रिय वौद्धिक क्षमता भएको मानिस दिँदछ। कुनै पनि मानवीय दर्शन र विद्याको

धुरन्धर तालिमले ल्याउने नतिजाभन्दा बाइबल अध्ययनले आदर्शमय नीतिमा चल्न मानिसलाई सभ्य, महान् र मर्यादित बनाउँछ।"- *द ग्रेट कन्त्रोभर्सी,* पृ. ९४।

**परमेश्वरको वचन अरूलाई सुनाउने मामिलामा पावलले तिमोथीलाई के सल्लाह दिएका थिए? हेर्नुहोस्, "१ यसकारण तिमी, मेरो बालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ। २ धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ। ३ ख्रीष्ट येशूका असल सिपाहीझैं दुःख-भोगमा हामीसँग सहभागी होऊ। ४ सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ। ५ प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन। ६ परिश्रम गर्ने किसानले नै बालीको पहिलो हिस्सा पाउनुपर्दछ। ७ म के भन्दछु त्यो विचार गर, किनभने प्रत्येक कुरामा प्रभुले तिमीलाई समझ दिनुहुनेछ।" २ तिमोथी २:१-७।**

परमेश्वरको वचनको सत्यता र ख्रीष्टमा मुक्तिको आनन्दले येशूभक्त सुधारवादीहरूका हृदयहरू भरिएका थिए। अरूलाई नसुनाउँदा तिनीहरू उकुसमुकुस भएका थिए। तेर्‍हौं शताब्दीका विलायतका सुधारवादी जोन वाइक्लिफले बाइबल अङ्ग्रेजीमा अनुवाद गर्न उनले आफ्नो जीवन नै बिताएका थिए। त्यसो हुन दुई कारणहरू मात्र थियोः बाइबलकै शक्तिले उनको जीवन जीवित ख्रीष्टले परिवर्तन गर्नुभएको थियो र प्रभु येशूप्रतिको प्रेमले नै आफूले सिकेका विद्या अरूलाई सिकाउन प्रेरित भएको थियो। यी दुवै तत्त्व उनको निम्ति ड्राइभिङ्ग फोर्स वा घचेट्ने उर्जा थियो।

बाइक्लिफ भन्दा अघि बाइबलका केही भागहरू मात्र अङ्ग्रेजीमा थियो। उनले सम्पूर्ण बाइबल नै अङ्ग्रेजीमा अनुवाद गरेका थिए। बाइबललाई सबैले पढ्ने गर्ने गरी लोक भाषा अङ्ग्रेजीमा अनुवाद गर्दा रोमन क्याथोलिक चर्चका धर्मगुरु पोप र उनका मतियारहरूले उनलाई मार्न पिछा गरेका थिए। सर्वसाधारण जनताले बाइबल पढ्नु हुन्न भन्ने रोमन क्याथोलिक चर्चको शिक्षा थियो। रोमको पोपले उनलाई पक्रिनुभन्दा अघि उनको मृत्यु भएको थियो। रिसले चुर भएको पोपका मतियारहरूले उनको चिहान खनेर उनको कङ्काल निकालेका थिए र जलाएका थिए। उनको खरानी नदीमा फ्याँकिएको थियो। जसरी उनको खरानी पानीमा बगेको थियो त्यसरी नै जीवनको पानी परमेश्वरको वचन पनि जताततै फैलिएको थियो। बाइबललाई अङ्ग्रेजी भाषामा अनुवाद

गरेर उनले सर्वसाधारण मानिसहरू समक्ष परमेश्वरको वचन हातमा राखिन पुगेको थियो। त्यसबेलाको शक्तिशाली रोमन क्याथोलिक चर्च भन्दा परमेश्वर शक्तिशाली भएकोले उनलाई उहाँले प्रयोग गर्नुभएको थियो। उनलाई "येशूभक्त सुधारवादीको बिहानीको तारा" भनेर सम्बोधन गरिन्छ।

## ५. आशाले प्रसन्न र उत्साहित भएकाहरू

**परमेश्वर र सैतानको बिचमा भइरहेको भिषण सङ्घर्षको वास्तविकता मध्यकालिन युगका येशूभक्तहरूले कसरी अनुभव गरेका थिए? हेर्नुहोस् "१४ किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, १५ र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्। १६ किनकि साँच्चै नै उहाँले स्वर्गदूतहरूको होइन, तर अब्राहामका सन्तानको वास्ता गर्नुहुन्छ। १७ यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। १८ किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।" हिब्रू २:१४-१८।**

मध्यकालिन युग वा अन्धकार युगमा केवल येशूप्रति मात्र बफादार हुने वाल्डनसीहरूले इसाई भनाउँदा रोमन क्याथोलिक चर्चका धर्मगुरुहरूबाट भयानक सतावटको सामना गर्नुपरेको थियो। तिनीहरूमा के थियो जसले गर्दा ती सतावटहरू हाँसी हाँसी सामना गरेका थिए। त्यही युगमा जोन हस, जेरोम, विलियम टिन्डेल, लाटिमर र अनगिन्तियौं येशूभक्तहरू शहीद हुने बल कहाँबाट आयो? तिनीहरू अनेकौं निष्ठुर सास्ती सहने क्रमा कतिलाई तरवारले मारेका थिए भने जिउँदै जलाइएको थियो? तिनीहरूमा परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास वा आस्था थियो। तिनीहरूले येशूको यो प्रतिज्ञालाई आत्मसात गरेका थिए, "म जीवित भएकोले तिमीहरू पनि जीवित हुनेछौ" (यूहन्ना १४:१९)। सबभन्दा भयानक कष्टहरूको सामना गर्न तिनीहरूले परमेश्वरको अनुग्रह र बल नै काफी भएको थियो। येशू ख्रीष्टसँगको कष्टमा सङ्गति गर्न पनि तिनीहरूले आनन्द मानेका थिए। येशूप्रतिको तिनीहरूको एकाग्रता र बफादारीता नै संसारको निम्ति शक्तिशाली गवाही भएको थियो।

तिनीहरूले जे हुनेवाला थियो त्यसलाई अपार दृष्टिले हेरेका थिए। येशूको पुनरुत्थानले सैतान हारिएको शत्रु हो भनेर तिनीहरूलाई थाहा थियो। ती साहसी बिर पुरुष र स्त्रीहरूले मृत्युको बलियो पासोलाई चुँडालेका थिए। तिनीहरूले परमेश्वरको वचनका प्रतिज्ञाहरूलाई पक्री राखे र मरे पनि तिनीहरू विजयी भएका थिए (जसरी प्रसव वेदनाले सताएकी स्त्रीले बालक जन्मे पछि मृत्युमाथि  विजय प्राप्त गरेको अनुभव गर्छन् अझ कतिपय समयमा जीवन पनि त्याग गरेका हुन्छन्)।

**तपाईंको जीवनमा सहनुपर्ने अनेकौं कष्ट, अत्याचार, दमन, हेपाइ आदि सहनुपर्दा देहायका प्रतिज्ञाहरूले तपाईंलाई के बल र आश्वासन मिल्दछ? हेर्नुहोस्, "२४ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ। २५ साँच्चै, म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्। २६ किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ। २७ अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो।" यूहन्ना ५:२४-२७, " २१ तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन। २२ तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ।" २३ येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ।" २४ मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ।"२५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। २६ अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छौ?" २७ तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।" यूहन्ना ११:२१-२७ र " ११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। १३ तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले**

**परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। १४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ।" १ यूहन्ना ५:११-१४।**

**रोमन क्याथोलिकको** बाइबल विपरित शिक्षाको विरोध गरेकामा चेकोस्लाभियाका इसाई विद्वान जोन हसलाई झ्यालखानामा राखेको थियो। उनी अन्यायमा परेका थिए। उनी महिनौंसम्म चिसो कालकोठरीमा परेका थियो। चिसोले गर्दा उनको ज्यान झण्डै गएको थियो। "तैपनि परमेश्वरको अनुग्रहले उनलाई समाली राखिएको थियो। हप्तौंसम्मको यातनामा पनि उनको आत्मामा स्वर्गको शान्ति भरिएको थियो। आफ्नो मित्रलाई उनले पत्र लेख्छन्, 'म यो पत्र लेख्दछु। झ्यालखानामा मलाई सिक्रीले बाँडीएको छ। मेरो मृत्युको घोषणा शायद भोलि गर्छ होला। येशू ख्रीष्टको भविष्यको जीवनमा हुने सुन्दर शान्तिको सहायताले हामी फेरि भेट्नेछौं। म यो भन्न चाहन्छु कि दयालु परमेश्वरले मलाई देखाउनुभएको अनुग्रह र कृपाले मेरो दुःख,कष्ट र परीक्षामा सहयोग पुऱ्याइएको छ।' बोनेचोज, ठेली २, पृ. ६७। अन्धकार काल कोठरीमा उनले सत्य निष्ठाको विजयी भएको उनले देखेका थिए।" द ग्रेट कन्त्रोभर्सी,१०७,१०८। धर्मविरोधी वा धर्मभ्रष्टको आरोप लगाएर रोमन क्याथोलिक चर्चका धर्मगुरुहरूले उनलाई खम्बामा बाँडेर जिउँदै जलाएका थिए।

प्रेरित पावलले दिएको अर्ति वर्तमान समयमा पनि समयसापेक्षित र महत्त्वपूर्ण छ। "हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ।"हिब्रू १०:२३। विगतका युगहरूमा परमेश्वरका प्रतिज्ञाहरूले विश्वासीहरूलाई दह्रिलो पारेका थिए, अहिले पनि ती प्रतिज्ञाहरूले हामीलाई समाली राख्दछ।

**ख्रीष्टको निम्ति सबै थोक त्याग्नु वा गुमाउनु भनेको के हो? अन्तमा आएर तपाईंले के नै गुमाउनु पर्दो रहेछ? (मर्कूस ८:३६) युगको अन्तमा हुने द्वन्द्वमा पनि सुधारवादी इसाई र वाल्डनसिसहरूलाई जस्तै विश्वासमा दह्रो भएर बस्ने पाठ हामीले कसरी सिक्न सक्छौं?**

**उपसंहारः** "परमेश्वरले चुन्नुभएका व्यक्तिहरूका दिमागमा महान् ज्योति चम्किन उहाँकै अनुमतिले भएको थियो। रोमन क्याथोलिक चर्चका बाइबल विपरित धेरै गलत शिक्षाहरूलाई तिनीहरूले प्रकट गरेका थिए। तर संसारलाई दिनुपर्ने सबै दिव्यज्ञानको ज्योति तिनीहरूले पाएका थिएनन्। तर उहाँका ती सेवकहरूद्वारा रोमन क्याथोलिक चर्चको अन्धकारबाट मानिसहरूलाई बाहिर निकाल्दै हुनुहुन्थ्यो। तिनीहरूले धेरै ठुला ठुला वाधा अर्चनहरूको सामना गर्नु परेको थियो। तिनीहरूले बोक्नु सक्ने जति परमेश्वरले कदम कदममा अगुवाइ गर्नुभएको थियो। अन्धकारमा धेरै रहने मानिसहरूलाई दिउँसोको चर्को घाममा अचानक तिनीहरू पर्‍यो भने तिनीहरू हच्किने थियो। रोमन क्याथोलिक चर्चका अन्धकार शिक्षामा रहेकालाई एकै चोटी सबै ज्ञान प्रकट गरे तिनीहरू रनभुल्लमा पर्ने थिए। त्यसकारण, उहाँले अगुवाहरूलाई अलि अलि गरेर लिन सक्ने गरेर सत्य प्रकट गर्नु भएको थियो। शताब्दीयौंदेखि शताब्दीसम्म अरू निष्ठावान सेवकहरूले मानिसहरूलाई अगुवाइ गर्न सुधारिएको मार्गमा लगाउने क्रम जारी रहेको थियो र रहनेछ।" *द ग्रेट कन्त्रोभर्सी*, पृ. १०३।

"सुसमाचारका चेला भएका अर्को पादरीलाई हसले आफ्ना गल्तीहरूलाई गहिरो नम्रतापूर्वक लेखेका थिए। आफूले पादरीको महंगो वस्त्र लगाएर घन्टौं बेकारका रितिथिति मानेर समय खेर फालेकोले आफैलाई दोषी ठहर्‍याका थिए। अनि उनले यो मर्माहत अर्ति थप्छन्, "परमेश्वरको महिमा र उहाँले दिनुहुने मुक्तिको ज्ञान तपाईंको दिमागमा भरिएर बसोस्। तर चर्चबाट फाइदा लिने काममा तपाईंको ध्यान नजाओस्। तपाईंको घर तपाईंको आत्मालाईभन्दा बढी नसजाउन सतर्क हुनुहोस्। अझ सबभन्दा धेरै तपाईंको स्याहार आत्मिक उन्नति र इज्जतको निम्ति होस्। गरिबको अगाडि तपाईं परमेश्वरमा समर्पित भएको देखाउँदै नम्र हुनुहोस्। धेरै भोजभतेरमा लागेर मस्ती नगर्नुहोस्। अनावश्यक जीवनशैली बिताउनुबाट के तपाईं जोगिनु पर्दैन र? नत्र भने तपाईंले कठोर दण्ड पाउनुहुनेछ जसरी मैले पाइरहेको छु।"- द *ग्रेट कन्त्रोभर्सी*, पृ! १०५,१०६।

**चिन्तनमननः**

अ. प्रगतशिल दिव्यज्ञान के हो? परमेश्वरले सत्यलाई अलिअलि गरेर मात्रै किन प्रकट गर्नुहुन्छ? आजको परमेश्वरको चर्चमा त्यो नीति कसरी लागु हुन्छ?

आ. नयाँ सत्य पत्ता लगाउँदा विगतमा परमेश्वरका जनहरूले थाहा पाएकोसँग कसरी मिल्न आउँछ? पुरानो दिव्यज्ञानसँग नयाँ ज्ञान किन कहिल्यै पनि बाझिनुहुन्न?

इ. तपाईं जहाँ रहनुभएतापनि तपाईंको संस्कार, रहनसहन र संस्कृतिले आफ्नो मूल्यमान्यता, धारणा र नैतिक नियमहरूसँग बाइबलको शिक्षासँग बाझिएको पाउनुहुन्छ। ती तत्त्वहरूको पहिचान पछि तिनीहरूसँगको कारोबारमा तपाईं, हामी र चर्च कसरी लाग्ने? ती चुनौतिहरूसँग कसरी कारोबार गर्ने? देश र संस्कारको गलत बाटोमा नलागि हामी कसरी असल नागरिक भएर बस्ने?

ई. जोन हसको पत्रले आज तपाईंको विचारलाई कस्तो प्रभाव पारेको छ? त्यस पत्रले तपाईंलाई कस्तो प्रभाव पारेको छ?

## कथा ४
## दुई छिमेकीहरूका कथा

अफ्रिकाको मोजाम्बिकको बासिन्दा मूसाको धर्मले बिक्री गर्न सुङ्गुर पाल्नु गलत थियो भनेर सिकाएको थियो। तैपनि पैसाको निम्ति मूसा सुङ्गुर पाल्दथे।

करणीको कारणबाहेक आफ्नी श्रीमतीलाई पारपाचुके गर्नु गलत छ भनेर निकोलनागाको धर्मले सिकाउँथ्यो। तर निकोलनागाले तीन पल्ट विवाह गरे र उनका तीन ल्याइटैहरू विभिन्न समयमा थियो।

मूसा र निकोलनागा छिमेकीहरू थिए। तिनीहरूले आआफ्नो धर्मभन्दा फरकको जीवन बिताएका थिए। तर मोजाम्बिकमा तिनीहरूको निम्ति परमेश्वरको योजना थियो।

एक दिन मूसाका सुङ्गुरहरू निकोलोनागाको तरकारी बारीमा पसे र त्यसलाई धेरै बिगारे। निकोलानागा रिसले चुर भएर मूसालाई कुटाकुट गर्न चाहे। त्यो कुस्तीमा उनले जित्यो र मूसा रगताम्य भएर घाउ नै घाउ पारेर भागे। तर मूसाले निकोलानागालाई त्यसै छोड्न चाहेन। उनले बदला लिन चाहे। उनी झाँक्रीकहाँ गए र टुनामुना गरे। अनि मूसाले निकोलानागालाई यो सुनाए, "तिमी एक महिना पछि मर्नेछौं। जे गर्नुपर्ने हो गर।"

भोलिपल्ट बिहान निकोलोन्गा बिउँझिन्दा अत्यन्तै बिरामी भएका थिए। उनले चर्चका साथीहरूलाई आफूले पाएको धम्की सुनाए। निकोलोन्गा पनि एक फेरा त्यही चर्चमा जान्थे। निकोलोन्गाको शरीर झन झन गम्भिर भयो र उसलाई धेरै पिर पर्न थाल्यो। १५ दिनपछि चर्चका सदस्यहरूलाई उनको निम्ति प्रार्थना गर्न अनुरोध गरे। उनको घरमा पास्टरले प्रार्थना गर्ने समूह जाने व्यवस्थित गरे। तर निकोलोन्गालाई हलुका भएन। अर्को हप्ता बित्यो। अब के गर्ने भनेर उनलाई थाहा भएन। मूसाको ३० दिने धम्की नजिकै आउँदैथ्यो, पास्टरले एक रातभरि उपवास बसेर निकोलोन्गाको निम्ति प्रार्थना गर्न चर्चको सदस्यहरूलाई बोलाए।

एक दिन बिहानै मूसा पास्टरको घरमा धकधकाए। उनले उनलाई अचम्मको कथा भने। आफ्ना देवीदेवताहरू निकोलोन्गाको परमेश्वरसँग युद्ध गरे र निकोलोन्गाको परमेश्वरल् जित्नुभयो। निकोलोन्गाको ज्यान उनले लिन नसकेको भनेर सुनाउ। आफूले येशूलाई विश्वास गर्न चाहेको सुनाए। "म निकोलोन्गाको परमेश्वरलाई पूजा गर्न चाहन्छु," मूसाले पास्टरलाई सुनाए।

अनि निकोलोन्गा उनको बिमारबाट उनी निको भए। दुवै निकोलोन्गा र मूसा एकै फेरा एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। दुवैले तिनीहरूको हृदय येशूलाई सुम्पे। आज तिनीहरू मोजाम्बिक क्षेत्रमा तिनीहरू प्रभावकारी भएर असल काम गरिरहेकाछन्।

"परमेश्वर शक्तिशाली हुनुहुन्छ। विश्वासद्वारा उहाँसँग प्रार्थना गर्नेलाई उहाँले जवाफ दिनुहुन्छ," पास्टर नेलसन ए. क्विनेसीले सुनाए। "विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।" हिब्रू ११:६,उनले थपे।